नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, आषाढ ७ गते २०२८ साल [संख्या १०

श्री ५ को सरकार

निर्माण, संचार तथा यातायात मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले महेन्द्र राजमार्ग निर्माण गर्न चाहिने यन्त्रशाला बनाउन कोशी अञ्चल सुन्सरी जिल्ला इटहरी गाउँ पञ्चायत वडा नं. (५) अन्तरगत पर्ने निम्नलिखित जग्गा प्राप्त गर्न ०२६।८।१२ मा निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व गोविन्दप्रसाद अधिकारीको नम्बरी जग्गा, पश्चिम नैनकला आचार्यको नम्बरी जग्गा, उत्तर रामप्रसाद बजगाई र गोविन्द अधिकारीको नम्बरी जग्गा, दक्षिण मिहीलाल चौधरीको नम्बरी जग्गा र खोला यति चारकिल्लाभित्रको मालपोत रू. ३९३।२५ (तीन-सय त्रियान्वे पच्चीसपैसा) लागेको जम्मा जग्गा बिगहा ५।।।(पाँच बिगहा पन्द्रकट्ठा) को किता एक- - -- - - - -- -१

आज्ञाले-

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल राजपत्रालय

आधिकारिकता ग्रहण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।